# स्थानीय राजपत्र

मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६ संख्याः२१ मितिः २०७९।०९।२२

**भाग–२**

**मालिकार्जुन गाउँपालिका**


| गाउँसभाबाट स्वीकृत मिति | २०७९।०९।२० |
|---|---|

## मालिकार्जुन गाउँपालिकाको उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**<u>प्रस्तावनाः</u>**

मालिकार्जुन गाउँपालिका भित्रका विद्यालय उमेर समुहका सबै बालबालिकालाई शिक्षाको पँहुच सुनिश्चितता गर्ने र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्धेश्य पूरा गर्न यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक

विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई शैक्षिक सामाग्री प्रदान गर्न मालिकार्जुन गाउँपालिकाको आठौं गाउँसभाबाट स्वीकृत उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले मालिकार्जुन गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ (१) बमोजिम मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मालिकार्जुन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले मालिकार्जुन गाउँपालिका सम्झनु पर्दछ ।

ख) "उपाध्यक्ष" भन्नाले मालिकार्जुन गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मालिकार्जुन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ) "विद्यालय" भन्नाले मालिकार्जुन गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई सम्झिनु पर्दछ ।

ङ) "बालबालिका" भन्नाले मालिकार्जुन गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत शिशु कक्षा देखि ३ कक्षा सम्म अध्ययनरत विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

च) "समिति" भन्नाले मालिकार्जुन गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि शैक्षिक सामाग्री प्रदान गर्ने कार्य सम्बन्धी अधिकार प्राप्त यस कार्यविधिको दफा ३ बमोजिमको समिति सम्झनु पर्दछ ।

छ) "लक्षित वर्ग" भन्नाले शिक्षण सिकाईका लागि अन्य कुनै निकायबाट सहयोग नपाएका भनि सम्बन्धित विद्यालयबाट प्रमाणित भएका शिशु कक्षादेखि कक्षा ३ सम्म अध्ययनरत बालबालिकाहरुलाई सम्झनु पर्दछ । तर अनाथ सअहाय र दव्द्वपिडीत बालवालिकाको हकमा कक्षा १० सम्म नियमित अध्ययनरत विद्यारथीहरुलाई सम्झिनु पर्दछ ।

ज) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा लेखिएको व्यक्ति सम्झनु पर्दछ । सो शब्दले यस कार्यविधिमा उल्लेखित बालबालिकाहरुको बाबु, आमा, हजुरबुवा,हजुरआमा अथवा बालबालिकालाई संरक्षकत्व प्रदान गर्ने व्यक्ति समेतलाई जनाउनेछ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. बालबालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालन समितिः (१) मालिकार्जुन गाउँपालिका उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (ङ) जिन्सी शाखा प्रमुख | - सदस्य |
| (च) महिला बालबालिका तथा सामाज कल्यान इकाई प्रमुख | - सदस्य |
| (छ) सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई प्रमुख | - सदस्य सचिव |

(२) उपाध्यक्ष बालबालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालनको प्रशासनिक खर्च वाफत कार्यक्रमको कूल वजेटको १० प्रतिशत खर्च गर्न सकिनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वडा कार्यालय तथा विद्यालयबाट सिफारिस भई आएका बालबालिकाहरुलाई शैक्षिक सामाग्री प्रदान गर्नका लागि आवश्यक छलफल र निर्णय गर्ने ।

ख) शैक्षिक गुणस्तर कायम गर्न तथा विद्यार्थीहरुका बिचमा विभेद/असमानता अन्त्य गर्नका लागि आवश्यक निर्णय गर्ने ।

ग) शैक्षिक सामाग्री वितरणका सन्दर्भमा आवश्यक ठानिएका विषयमा कार्यविधि, मापदण्ड वा अन्य आवश्यक कानूनहरुको मस्यौदा निर्माण गरी गाउँकार्यपालिकामा पेस गर्ने ।

घ) समितिको निर्णयानुसार शैक्षिक सामाग्री खरिद गर्नका लागि आवश्यक निर्णय गरि खरिद प्रक्रिया अगाडी बढाउने तथा लक्षीत वर्गलाई वितरणका लागि आवश्यक निर्णय गर्ने ।

ङ) शैक्षिक सामाग्री प्रदान सम्बन्धी अन्य सम्पूर्ण निर्णयहरु गर्ने ।

च) कार्यपालिकाले तोकेका अन्य विषयहरुको कार्यान्वयन गर्ने/गराउने ।

५. माथि जुनसुकै कुरा भनिएको भएतापनि अन्य कुनै निकायबाट शिक्षण सिकाईमा सहयोग पाएका बालबालिकाहरुलाई यस कार्यक्रमबाट शैक्षिक सामाग्री उपलब्ध गराउन सकिने छैन ।

६. उक्त शैक्षिक सामाग्री प्राप्त गर्नका लागि देहायको मापदण्ड अनिवार्य रुपमा पुगेको हुनुपर्नेछ ।

क) लाभग्राही मालिकार्जुन गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी भएको भनि सम्बन्धित वडा कार्यालय र विद्यालयबाट प्रमाणित भएको हुनुपर्ने । -

मालिकार्जुन गाउँपालिका

ख) लाभग्राही नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, अन्य सरकारी वा गैरसरकारी तथा अन्य कुनै पनि प्रकारको संस्थाबाट शिक्षण सिकाई क्रियाकलापमा सहायतता वा अन्य कुनै लाभ पाउने विद्यार्थी नभएको भनि सम्बन्धित वडा तथा विद्यालयबाट प्रमाणित भएको हुनुपर्ने ।

ग) शैक्षिक सामाग्री प्राप्त गर्ने बालबालिकाका अभिभावकले यी माथि उल्लेखित सबै बेहोरा ठिक साँचो भएको अनुसूची-१ बमोजिमको निवेदन/स्व-घोषणा पत्र तथा आवश्यक कागजातहरु पेश पेस गर्नुपर्नेछ ।

## परिच्छेद-३
## विविध

७. **अभिलेख राख्नु पर्नेः** उपाध्यक्ष बालबालिका शिक्षा सुरक्षा कार्यक्रम सम्बन्धि सम्पूर्ण अभिलेखहरु समितिको सचिवालयमा अद्यावधिक गरि राख्नु पर्नेछ ।

८. **अनुगमनः** उपाध्यक्ष बालबालिका शिक्षा सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, पृष्टपोषण तथा सुझाव सल्लाहका लागि समय समयमा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाबाट अनुगमन सुपरीवेक्षण गरीनेछ, यसरी गरिएको अनुगमनको अनुगमनकर्ताले प्रतिवेदन तयार गरी सञ्चालन समितिलाई पेश गर्नु पर्नेछ ।

९. **अधिकार प्रत्यायोजनः** यस कार्यविधि अनुसार गठित समितिले आफूलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार समितिको संयोजक, सदस्य, सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. यस कार्यविधिमा तोकिएका विषयहरुमा जालझेल गरी वा गुमराहमा राखी लाभ प्राप्त गरेको/गराएको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कानूनी कारवाहीको भागेदार हुनेछ ।

११. बाधा अड्काए फुकाउः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा सो को समाधानका लागि कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

१२. यो कार्यविधिमा संसोधन गर्न उपयुक्त लागेको विषयमा समितिको सिफारिसमा मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाले आवश्यक संसोधन वा खारेज गर्न सक्नेछ ।

<u>**अनुसूची-१**</u>

दफा ६ को (ग) सँग सम्बन्धित

स्थानीय सरकार

मालिकार्जुन गाउँपालिका

**उपाध्यक्ष बालबालिका शिक्षा सुरक्षा कार्यक्रम निवेदन/स्वघोषणा पत्र**

मितिः..............................

श्रीमान उपाध्यक्ष ज्यू,
मालिकार्जुन गाउँपालिका, शंकरपुर दार्चुला ।

विषयः शैक्षिक सामाग्री सहायता सम्बन्धमा ।

यस मालिकार्जुन गाउँपालिका अन्तर्गत उपाध्यक्ष शिक्षा सुरक्षा कार्यक्रमवाट प्रदान गरिने शैक्षिक सामाग्री सहायताका लागि म/मेरो छोरा/छोरी सम्मिलित हुन ईच्छुक भएकोले आवश्यक कागजात यसै आवेदन साथ संलग्न राखि पेश गरेको छु । साथै म/मेरो छोरा/छोरी नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, अन्य सरकारी वा गैरसरकारी तथा अन्य कुनै पनि प्रकारको संस्थाबाट शिक्षण सिकाई क्रियाकलापमा सहायता वा अन्य कुनै लाभ पाउने विद्यार्थी नभएको भनि स्व-घोषणा गर्दछु ।

<u>**विद्यार्थीको व्यक्तिगत विवरणः**</u>

१. नामः-

२. ठेगाना(स्थानीय तह/वडा नं./बस्ती):-

३. लिङ्गः-                ४. जातिः-

४. जन्ममितिः-

५. अध्ययनरत विद्यालयको नामः-

६. हाल अध्ययनरत कक्षा/सेक्सन/रोल नं.:-

७. अध्ययनरत विद्यालयको प्रकारः- सामुदायिक / संस्थागत

८. बुवाको नामः-

९. आमाको नामः-

१०. जम्मा परिवार संख्याः-

११. सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्याः-

१२. संस्थागत विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्याः-

१३. निज विद्यार्थीले शिक्षण संस्था वा अन्य कुनै निकायवाट छात्रवृति पाएको छ/छैन्:-

१४. छात्रबृत्ति पाएको हो भने किसिम तथा रकम रु.:-

उल्लेखित बेहोरा ठीक साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुरी छ ।

| | |
|---|---|
| निवेदकको: | अभिभावक वा संरक्षकको: |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामथरः | नामथरः |
| ठेगानाः | ठेगानाः |
| मोबाइल नं.: | मोबाइल नं.: |

आज्ञाले
सुरज प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

मल्लिकार्जुन गाउँपालिका